# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## घरपझोङ्ग गाउँपालिका, जोमसोम

## मुस्ताङ्ग

# आर्थिक वर्ष २०७६/७७

## महालेखापरीक्षकको कार्यालय

## काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने।
(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।
(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
घरपझोङ्ग गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
जोमसोम, मुस्ताङ्ग।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८।७९
च.नं.: १७६

मितिः २०७८।५।४

श्री अध्यक्षज्यू,
घरपझोङ गाउँपालिका,
मुस्ताङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.२ करोड २६ लाख ६० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८ लाख ३८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १० लाख २३ हजार र पेश्की बाँकी रु.० रहेको छ
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फस्यौंट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १९ (उन्नाइस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

**घरपझोङ्ग गाउँपालिका, मुस्ताङ्ग**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७६/७७**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २४ सभा सदस्य, ३१६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१८४ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७६।०७७ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | | रकम | | | रकम |
| १ | **गतवर्षको जिम्मेवारी** | | १ | **वित्तिय समानीकरण अनुदान** | |
| | क. नगद | ० | | क. चालु | ३०७३३८१३.७५ |
| | ख. पेश्की | ० | | ख. पूंजीगत | १४७३८३५१.४८ |
| | ग. वैंक मौज्दात | २१२३३२०८.२० | २ | **सशर्त अनुदान** | |
| | घ. धरौटी रु. | ५४४४१६.०० | | क. चालु | ७३९३६१४८.१० |
| | २. विपद तथा विभिन्न कोष रु. | ० | | ख. पूंजीगत | २१७५१७२९.९५ |
| | ३. चालु र पूंजीगत रु. | ० | ३ | विशेष अनुदान पूंजीगत (फिर्ता समेत) | ५७९४९३४७.४१ |
| २ | **यस वर्षको राजश्व (आन्तरिक आय)** | | ४ | **आन्तरिक राजश्व** | |
| | क. आन्तरिक राजश्व | ६०३०४३७.४८ | | क. चालु | ८१६२६९.०० |
| | ख. संघिय राजश्व वांडफाड | २२०१८५६२.१२ | | ख. पूंजीगत | १४६१०६६९.४४ |
| | ग. प्रदेश राजश्व वांडफांड | ७९९०००.०० | ५ | **संघिय राजश्व वाँडफाँड** | |
| | घ. प्रदेश ४ वाट प्राप्त | २८५७२५.०० | | क. चालु | १७३८५००.०० |
| | ङ. मालपोतवाट प्राप्त | ७७९७०६.०० | | ख. पूंजीगत | १२४३२२४४.०१ |
| | च. मुस्ताङ्ग अस्पताल सुदृढिकरण कार्यक्रम पेश्की फिर्ता | २९२७७९.०० | ६ | **प्रदेश राजश्व वांडफांड** | |
| | छ. विपत सामाग्री सोधभर्ना थासाङ गा.पा | २१६६९६.०० | | क. चालु | ३९९२७५.०० |
| | ज. विपत सामाग्री सोधभर्ना वारगाउँ मुक्तिक्षेत्र गा.पा | २१९९९६.०० | | ख. पूंजीगत | २६००००.०० |
| | झ. सामाजिक सुरक्षाको भुक्तानी सोधभर्ना | १८२६००.०० | ७ | **प्रदेश सरकारवाट प्राप्त वित्तिय समानिकरण** | |
| | ञ. सामाजिक सुरक्षाको रकम मृत्यु वापत फिर्ता | २४०००.०० | | क. चालु | ५०४८९२७.०० |
| | ट. कृषि तर्फको ५० प्रतिशत अनुदान वापत जम्मा | ७१५१५०.०० | | ख. पूंजीगत | ३११७३९८.५० |
| | ठ. अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना | १३४३२७६.२९ | ८ | समपूरक अनुदान | १५००००००.०० |
| ३ | **संघ सरकार वित्य हस्तान्तरण** | | ९ | **अन्तर सरकारी वित्तिय हस्तान्तरण** | |
| | क. वित्तिय समानीकरण अनुदान | ६७९०००००.०० | | क. राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग चालु | ७८३६१३.०० |
| | ख. सशर्त अनुदान | ९७०७०३३३.०० | | ख. राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग पूंजीगत | १६७४२६.०० |

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | | रकम | | | रकम |
| | ग. विशेष अनुदान | ६००००००००.०० | | ग. सामाजिक सुरक्षा | १११३५२००.०० |
| ४ | **प्रदेश सरकारवाट वित्तिय हस्तान्तरण** | | | घ. स्थानीय पूर्वाधार विकास साझेदारी | १६४९९९९९.०० |
| | क. वित्तिय समानीकरण अनुदान | ११९३१०००.०० | | ङ. स्थानीय तह प्रशासकिय भवन विकास कार्यक्रम | २००००००.०० |
| | ख. समपूरक अनुदान | १००००००००.०० | | च. समाजकल्याण/ जेष्ठ नागरिक | १०००००.०० |
| ५ | **अन्तर सरकारी वित्तिय हस्तान्तरण** | | | छ. शिक्षा विकास निर्देशनालय, गण्डकी | ४०००००.०० |
| | क. राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग चालु | ७८३६१३.०० | | ज. सामाजिक विकास मन्त्रालय, गण्डकी | ५७००००.०० |
| | ख. राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग पूंजीगत | १६७४२६.०० | | झ. मुख्यमन्त्री कार्यालय, पोखरा | ५०००००.०० |
| | ग. सामाजिक सुरक्षा | १११३५२००.०० | | ञ. राष्ट्रपति महिला उत्थान कार्यक्रम | १००००.०० |
| | घ. स्थानीय पूर्वाधार विकास साझेदारी | १६४९९९९९.०१ | १० | **अन्य अनुदान/सोझै गा.पा.को खाता** | |
| | ङ. स्थानीय तह प्रशासकिय भवन विकास कार्यक्रम | २००००००.०० | | क. भाषा आयोग | २१२५००.०० |
| | च. समाजकल्याण/ जेष्ठ नागरिक | १०००००.०० | | ख. अन्य अनुदान समपूरक सभाहल | ३००००००.०० |
| | छ. शिक्षा विकास निर्देशनालय, गण्डकी | ४०००००.०० | | ग. सडक वोर्ड | ५९९७६०.०० |
| | ज. सामाजिक विकास मन्त्रालय, गण्डकी | ५७००००.०० | | घ. जनहित क्लव मञ्च  निर्माण | ९९१४६५.०० |
| | झ. मुख्यमन्त्री कार्यालय, पोखरा | ५०००००.०० | | ङ. ठिनी होमस्टे गेट निर्माण | ५०००००.०० |
| | ञ. राष्ट्रपति महिला उत्थान कार्यक्रम | १००००.०० | ११ | **धरौटी** | ० |
| ६. | **अन्य अनुदान/सोझै गा.पा.को खातामा प्राप्त** | | १२ | प्रकोप व्यवस्थापन कोष | १४८३२७४ |
| | क. भाषा आयोग | २१२५००.०० | १३ | **मौज्दात रकम स्रेस्ता अनुसार** | |
| | ख. शहरी विकास तथा भवन डिभिजन कार्यालय (प्रदेश) | ३००००००.०० | | ग.२.१ चालु खर्च खाता (विजोर वर्ष) | २१८३५९५५.०७ |
| | ग. सडक वोर्ड | ५९९७६०.०० | | ग.२.३ पूंजीगत विजोर खर्च खाता ,, | २७०४३८०२.६३ |
| | घ. जनहित क्लव मंच | ९९१४६५.०० | | ग.३.१ स्थानिय तह धरौटी खाता | १४८००९९.२२ |
| | ङ. ठिनी होमस्टे गेट निर्माण | ४९९९७०.०० | | ग.७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३६९४९०५.०० |
| ७ | धरौटी रकम | ९३५६८३.२२ | | ग.७.१ स्थानीयतह आकस्मिक कोष खाता | २३४००११.०० |
| ८ | प्रकोप व्यवस्थापन कोष | ५२०३१७९.०० | | ग.५.१ स्थानीयतह विविध कोष खाता | ४४०६२०.०० |
| ९ | आकस्मिक कोष खातामा प्राप्त | २३४००११.०० | | ग.६.१ स्थानीयतह विभाज्य कोष खाता | १२१००.०० |
| १० | विविध कोष खातामा प्राप्त | ४४०६२०.०० | | | |
| ११ | विभाज्य कोष खातामा प्राप्त | १२१००.०० | | | |
| १२ | करकट्टी चेक काट्न बांकी | ३२५१४७.०० | | | |
| १३ | अन्य आम्दानी | १९८४५.२४ | | | |
| | जम्माः | ३४८३३३४०३.५६ | | जम्मा | ३४८३३३४०३.५६ |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः**

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **लेखापरीक्षणको क्रममा रु.५६ हजार र प्रतिक्रियाबाट रु.५९ हजार गरी जम्मा रु.१ लाख १५ हजार असुली भएको छ ।** | |
| १. | **वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>गाउँपालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । | |
| | ▪ गाउँपालिकाले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट गाउँपालिकाको आषाढ मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.२४७३४६६६.५५ ले फरक देखिएको छ ।<br>▪ लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>▪ कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा गाउँपालिकाका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको।<br>▪ गाउँपालिकाले बिभाज्यकोषको हिसाब ब्यबस्थित राखेको पाईएन । गाउँपालिकाले प्रदेशलाई बाँडफाँड गर्नुपर्ने राजस्व बाँडफाँड नगरी रु.१२१००.०० मौज्दात राखेको पाईयो ।<br>▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>▪ स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि पूर्ण रुपमा कार्यान्वयनमा ल्याएको पाइएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेकोः** गाउँपालिकाको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर गाउँपालिकाको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु.२१२३३२०८.१९ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२१७७७६२४.२० जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५४४१६.०० बढी जिम्मेवारी सारेको सम्बन्धमा वित्तिय विवरणमा खुलासा गरेको पाइएन । | |

### लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३. | **बैक हिसाब मिलान नगरेकोः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीयतहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा गाउँपालिकाले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | चालु खर्च खाता (विजोर वर्ष) | २१८३५९५५.०७ | २५९१९२६८.०७ | ४०८३३१३.०० |
| २ | पूंजीगत खर्च खाता (विजोर वर्ष) | २७०४३८०२.६३ | ४६८८२८९६.१८ | १९८३९०९३.५५ |
| ३ | धरौटी खाता | १४८००९९.२२ | १४८००९९.२२ | ० |
| ४ | प्रकोप व्यवस्थापन कोष खाता | ३६९४९०५.०० | ३६९४९०५.०० | ० |
| ५ | आकस्मिक कोष खाता | २३४००११.०० | २३४००११.०० | ० |
| ६ | विविध कोष | ४४०६२०.०० | ४४०६२०.०० | ० |
| ७ | विविध खर्च खाता | ० | ८१२२६०.०० | ८१२२६०.०० |
| ८ | विभाज्य कोक्ष | १२१००.०० | १२१००.०० | ० |
| | जम्माः | ५६८४७४९२.९२ | ८१५८२१५९.४७ | २४७३४६६६.५५ |

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । | |
| | ▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।<br>▪ गाउँपालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>▪ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा गाउँपालिकाको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु.२१८३५९५५.०७ पुजीगत खर्च खातामा रु.२७०४३८०२.६३ र विभाज्यकोषमा रु.१२१००.०० समेत गरी रु.४८८९१८५७.७० मौज्दात रहेको पाईयो ।<br>▪ गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>▪ कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>▪ राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>▪ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले आन्तरिक राजश्व कार्यालयवाट स्थायी लेखानम्वर र मू.अ.करमा दर्ता भएका व्यक्ति वा फर्मवाट मात्र सामान खरिद गर्नुपर्ने र दुर्गम क्षेत्र भनी तोकिएको जिल्लामा आन्तरिक राजश्व कार्यालयवाट | |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः**

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कुनै फर्म वा विक्रेताले मू.अ.कर दर्ता प्रमाणपत्र लिएको रहेनछ भने कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखको अध्यक्षतामा रहेको समितिले तयार पारेको जिल्लामा उपलव्ध आपूर्तीकर्ताको सूचिमा रहेका आपूर्तकवाट रु.१० लाख सम्मको खरिद गर्न सकिने व्यवस्था छ । तर उक्त समितिले यस प्रकारको आपूर्तकको सूची तयार नगरेको अवस्थामा गाउँपालिकाले कतिपय फर्निचर, काठ लगायतका अन्य सामान तथा सेवा खरिद गरी भुक्तानी गर्दा मू.अ.करमा दर्ता नभएको फर्मवाट खरिद गरी भुक्तानी गर्ने गरेको पाइयो । अत नियमावलीमा भएको व्यवस्था अनुसारको सूचीकृत फर्म वा मू.अ.करमा दर्ता भएका व्यक्ति वा फर्मवाट कारोवार गर्नुपर्दछ ।<br>▪ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>▪ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>▪ गाउँपालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने योजनाको बिश्लेषण गरी सम्भाब्य योजनाको बैंक खडा गरेको देखिएन ।<br>▪ दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>▪ गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>▪ वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>▪ जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।<br>▪ मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन। साथै ETDS समेत गर्ने गरेको पाइएन ।<br>▪ कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>▪ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>▪ ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>▪ गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः**

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>▪ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका योजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>▪ संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>▪ सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>▪ वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>▪ गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक तर्फ २२ र प्रशासनिक तर्फ ३२ समेत ५४ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः १८ र २८ समेत ४६ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br>▪ सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ वमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>▪ निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>▪ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस गाउँपालिकाले हालसम्म ६ ऐन, ४ नियमावली, १३ कार्यविधि २ निर्देशिका समेत २५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनिय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| | <u>**योजना तर्जुमा, बजेट तथा कार्यक्रम**</u> | |
| ५. | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय गाउँपालिकामा उपाध्यक्ष श्री | |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः**

<table>
<tr><th>दफा</th><th>भौ.नं.मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>शर्मिला गुरुङ्गले २०७६।३।१० गते रु.२४ करोड २६ लाख ५२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१७ मा पारित भएको छ । यसैगरी गाउँपालिकाका प्रमुखले २०७६।३।२३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>६.</td><td>चौमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि. नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसो चौमासिक</th></tr>
<tr><td></td><td></td><td>१२१२०१</td><td>४७२८</td><td>४४२०</td><td>११२०५३</td><td>८४२६९</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td></td><td>३.८९</td><td>३.६४</td><td>९२.४४</td><td>६९.५३</td></tr>
</table></td><td></td></tr>
<tr><td>७.</td><td>कल्याण कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष कर्मचारी कल्याण कोष खडा गरी रकम जम्मा गरेको छैन ।</td><td></td></tr>
<tr><td>८.</td><td>कर्मचारी प्रोत्साहन भत्ताः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता लागू गर्ने सम्बन्धी कार्यविधि २०७६ वमोजिम यो वर्ष विभिन्न कर्मचारीहरुलाई रु.१७३८५००.०० प्रोत्साहन भत्ता वितरण गरेको छ । उक्त कार्यविधिमा प्रोत्साहन भत् पाउने आधारमा कार्यालयका कर्मचारीले सरकारी समय भन्दा अतिरक्त समयमा कार्यालयमा खटीइ काम गरेको हुनु पर्ने वा फिल्डमा गइ अन्य कुनै सुविधा नलिइ काम गरेको समयलाइ आधार मानिने उल्लेख छ । तर गाउँपालिकाले कर्मचारी प्रोत्साहन भत्ता वितरण गर्दा सो वमोजिम अतिरिक्त समय काम गरेको स्पष्ट देखिने अभिलेख वेगर भुक्तानी गरेको देखिएकोले अभिलेख वेगर प्रोत्साहन भत्ता वितरण गरेको नियमित देखिएन रु.</td><td>१७३८५००.००</td></tr>
<tr><td>९.</td><td>न्यायीक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा बिवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष कुनै पनि मुद्धा परेको देखिएन ।</td><td></td></tr>
<tr><td></td><td><u>पदाधिकारी सुविधा</u></td><td></td></tr>
</table>

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः**

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०. | **पदाधिकारी सुविधाः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार गण्डकी प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ आषाढ २६ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ। जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर गाउँपालिकाले २०७६ श्रावण देखि असोजसम्म पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा रु.९९३९००.०० र २०७६ कार्तिक देखि चैत्रसम्मको सुविधा वापत रु. २६०५०००.०० खर्च लेखेको देखिन्छ । | |
| ११. | **यातायात खर्चः** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन २०७६ को दफा ४ मा स्थानिय तहले यातायात सुविधा वापत कुनै सवारी साधन उपलब्ध गराएको अवस्थामा यातायात सुविधा वापतको रकम नपाउने ब्यवस्था छ । गाउँपालिकाले भौ.नं.३५०-२०७७।३।३१ वाट कार्तिक देखि चैत्र सम्मको सुविधा वापतको रकम भुक्तानी गर्दा सवारी सुविधा पाएका गाउँपालिका अध्यक्ष श्री आसवहादुर थकालीलाई ऐनमा भएको ब्यवस्था विपरित यातायात खर्च वापत मासिक १२०००।- को दरले ६ महिनाको रु.७२०००।-भुक्तानी गरेकोले उक्त रकम असुल गर्नु पर्ने रु. | ७२०००.०० |
| १२. | **दोहोरो सुविधाः** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १६(४ख) मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन पेश गर्ने जिम्मेवारी गाउँपालिका उपाध्यक्षलाई तोके अनुरुप विभिन्न समयमा विभिन्न योजनाको अनुगमन गरेवापत अनुगमन भत्ता भुक्तानी भईसकेको अवस्थामा गाउँपालिकाले भौ.नं.३५०-२०७७।३।३१ वाट कार्तिक देखि चैत्र सम्मको सुविधा वापतको रकम भुक्तानी गर्दा गाउँपालिका उपाध्यक्ष श्री सर्मिला गुरुङलाई अनुगमन भत्ता वापत मासिक १०,०००।- को दरले ६ महिनाको रु.६०,०००।-भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नु पर्ने रु. | ६००००.०० |
| | <u>**अनुदान प्राप्ति, वितरण र फिर्ता**</u> | |
| १३. | **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा रु.२३४३३१०७.५४ फिर्ता गर्नुपर्नेमा रु.२००००००००.०० आर्थिक वर्षको अन्त्यमा बांकी रु.३४३३१०७.५४ मध्ये रु.२०५०६५२.५९ मिति २०७७।९।२७ मा र रु.१२५००००.०० मिति २०७७।११।२५ मा संघिय संचित कोषमा फिर्ता गरेको पाइयो । फिर्ता गर्न बांकी रकम रु.१३२४५४.९५ यद्यपी गाउँपालिकाको संचितकोषमा बांकी रहेको देखिएकोले उक्त रकम संघिय संचित कोष दाखिला हुनुपर्ने रु. | १३२४५४.९५ |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ९७०७०३३३.०० | ९५६८७८७८.०५ | १३८२४५४.९५ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः

<table>
<tr><th>दफा</th><th>भौ.नं.मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>विषेश</td><td>६०००००००.००</td><td>३७९४९३४७.४१</td><td>२२०५०६५२.५९</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>२३४३३१०७.५४</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४.</td><td>अनुगमनः सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर गाउँपालिकाले स्वास्थ्य, कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद र विभिन्न निर्माण योजनाको अनुगमन गरी त्यसको प्रभावकारीताको मुल्यांकन गर्नुपर्नेमा कतिपय अनुगमन प्रतिवेदनको परीक्षण गर्दा योजनामा देखिएका त्रुटी, त्यसमा गर्नुपर्ने सुधार लगायतका व्यहोरा उल्लेख नगरी अनुगमन प्रतिवेदन दिने गरेको देखियो । योजना तथा अनुदानको प्रभावकारी तथा वस्तुपरक ढङ्गले अनुगमन गरी प्रतिवेदन दिनु पर्दछ । अनुगमन प्रतिवेदनमा उल्लेखित कैफियतका व्यहोराहरु गाउँपालिकाले सुधार गर्न लगाउनु पर्नेमा सो अनुसारको अनुगमन भए गरेको देखिएन । तसर्थ अनुगमन कार्यलाइ थप प्रभावकारी वनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्चः पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शिर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस गाउँपालिकाले देहाय अनुसारका पूँजी शिर्षकवाट कर्मचारीको देहायको महिनाको तलव भत्ता खर्च लेखेको पाइयो । पूंजीगत कार्यक्रमवाट तलव भत्ता खर्च लेखेको अनियमित देखिएको रु.
<table>
<tr><th>भौ.नं मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२२-२०७७।१।९</td><td>गाउँपालिकाको कमर्चारीहरुको चैत्रको तलव भत्ता खर्च</td><td>८८५१७८.००</td></tr>
<tr><td>३५-२०७७।१।३०</td><td>गाउँपालिकाको कमर्चारीहरुको बैशाखको तलव भत्ता खर्च</td><td>११२७३३८.४०</td></tr>
<tr><td>६३-२०७७।२।३०</td><td>गाउँपालिकाको कमर्चारीहरुको जेष्ठको तलव भत्ता खर्च</td><td>११३२७५४.८०</td></tr>
<tr><td>८०-२०७७।३।२३</td><td>गाउँपालिकाको कमर्चारीहरुको आषाढको तलव भत्ता खर्च</td><td>११३८९०४.८०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४२८४१७६.००</td></tr>
</table>
</td><td>४२८४१७६.००</td></tr>
<tr><td>१६.</td><td>डि.पि.आर खर्चः बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस यस गाउँपालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>मिनि मुस्ताङ्ग परियोजना</td><td>स्ट्रेन्थ इन्जिनियिरङ्ग कन्सल्टेन्ट</td><td>१००००००</td><td>९९८०००.००</td><td>५१००००००</td></tr>
<tr><td>प्रशासकिय भवनको DPR तयार गर्ने</td><td>स्ट्रेन्थ डेभलपर्स प्रा.लि</td><td>५०००००</td><td>४९५५०५</td><td>७९०२४८४६</td></tr>
<tr><td>कालीगण्डकी नदी नियन्त्रण</td><td>हिमालय ग्रास रुट रिसर्च प्रा.लि</td><td>५०००००</td><td>४९५४४१.६७</td><td>९४२९७६८५</td></tr>
<tr><td>जम्माः</td><td></td><td></td><td></td><td></td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा</td><td></td></tr>
</table>

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः

<table>
<tr><th>दफा</th><th>भौ.नं.मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु मध्ये मिनि मुस्ताङ्ग परियोजना कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।</td><td></td></tr>
<tr><td>१७.</td><td>शिक्षक दरवन्दी,पदपूर्ति एवं विद्यार्थी संख्याः स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस गाँउपालिका अन्तर्गत माध्यमिक तहको २ र आधारभूत तहका ६ गरी ८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि. नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th><th>शिक्षक विद्यार्थी अनुपात</th></tr>
<tr><td>१</td><td>जनहित मा.वि.</td><td>२५</td><td>२६</td><td>७</td><td>३५३</td><td>१:१४.१२</td></tr>
<tr><td>२</td><td>जनवाल मा.वि.</td><td>२०</td><td>१७</td><td>१</td><td>१०७</td><td>१:६.२९</td></tr>
<tr><td>३</td><td>जनकल्याण आ.वि.</td><td>१४</td><td>१४</td><td>१</td><td>६६</td><td>१:४.७१</td></tr>
<tr><td>४</td><td>नमुना आ.वि.</td><td>९</td><td>८</td><td>०</td><td>३४</td><td>१:४.२५</td></tr>
<tr><td>५</td><td>मुक्ति नमुना आ.वि.</td><td>७</td><td>७</td><td>०</td><td>१८</td><td>१:२.५७</td></tr>
<tr><td>६</td><td>निलगिरी आ.वि.</td><td>४</td><td>४</td><td>०</td><td>८</td><td>१:२</td></tr>
<tr><td>७</td><td>छैरो आ.वि.</td><td>५</td><td>५</td><td>०</td><td>१५</td><td>१:३</td></tr>
<tr><td>८</td><td>ढुम्बा आ.वि.</td><td>५</td><td>५</td><td>१</td><td>१४</td><td>१:२.८</td></tr>
<tr><td></td><td></td><td>८९</td><td>८६</td><td>१०</td><td>६१५</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>यस गाउँपालिका अन्तर्गतका सामूदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:२ देखि १:१४.१२ सम्म रहेको देखिन्छ । सो अनुसार ८ विद्यालयमा ६१५ विद्यार्थी अध्यापन गराउन तलब भत्ताबापत रु.४८८०२७९४।- खर्च लेखेकोमा प्रति विद्यार्थी लागत रु.७९३५४।- पर्न गएको देखियो । विद्यालय समायोजन कार्यान्यन निर्देशिका २०७० अनुसार भौगोलिक दुरी टाढा भएमा बालविकास केन्द्र स्थापना गरी न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गर्नेतर्फ गाउँपालकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>बढी निकासाः प्रचलित नियम एवं पारित तलबी प्रतिवेदन अनुसार तलब भत्ता रकम निकासा गर्नुपर्दछ । गाउँपालिकाले निम्नानुसारका विद्यालयलाई शिक्षक तलब एवं विद्यालय कर्मचारीको तलब भत्ता एवं पोशाक वापतको रकम निकासा दिदा देहाय अनुसार बढी निकासा दिएको देखियो । निकासा हुनुपर्ने भन्दा बढि निकासा भएको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि. नं.</th><th>विवरण</th><th>निकासा हुनुपर्ने रकम</th><th>निकासा भएको रकम</th><th>फरक रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>जनवाल मा.वि. मा.वि.द्रितिय शिक्षक टेक बहादुर रानाको ग्रेड बापतको रकम निकासा</td><td>११९१२०.००</td><td>१३८२३४.००</td><td>१९११४.००</td><td>श्रावणदेखि आषाढसम्म तलवी प्रतिवेदनमा पारित ग्रेडभन्दा १ ग्रेड बढीको रकम निकासा (क.सं.कोष १० प्रतिशत थप एवं चाडपर्व समेत)</td></tr>
<tr><td>२</td><td>जनवाल मा.वि. विद्यालय कर्मचारी सोनिया गुरुङ पोशाक भत्ताबापतको रकम निकासा</td><td>०</td><td>१५०००.००</td><td>१५०००.००</td><td>विद्यालयको माग फाराम अनुसार फागुन महिनामा अवकाश प्राप्त गरेको देखिएको</td></tr>
</table></td><td>४१५२२.००</td></tr>
</table>

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | जनकल्याण आ.वि. प्रा.वि.द्वितिय शिक्षक सुनदेवी थकालीको प्रथम एवं तेस्रो चौमासिक ग्रेड बापतको रकम निकासा | ३१०३८.०० | ३८४४६.०० | ७४०८.०० | तलवी प्रतिवेदनमा पारित ग्रेडभन्दा बढी ग्रेडको रकम निकासा (क.सं.कोष १० प्रतिशत थप समेत) |
| | | | जम्मा | ४१५२२.०० | |

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १९. | **सामाजिक एवं आर्थिक लेखापरीक्षणः** गाउँपालका अन्तर्गतका ८ सामूदायिक विद्यालयलाई सामाजिक एवं आर्थिक लेखापरीक्षण अनुदान बापत गो.भौ.नं. २७।२०७६।११।१७ बाट तोकिएअनुसार रु.९००००।- अनुदान निकासा भएकोमा उक्त विद्यालयहरुले समामाजिक एवं आर्थिक लेखापरीक्षण गराई गाउँपालिकामा लेखारीक्षण प्रतिवेदन पेश गरेको देखिएन । तोकिए अनुसार लेखापरीक्षण गराइ लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| २०. | **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।यस गाउँपालिकाले उक्त प्रक्रियावेगर रु.४९५२८८।५० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |
| २०.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको । | |
| २०.२. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको । | |
| २१. | **फिर्ता दाखिलाः** रोटा खोप शुरुवात तथा सरसफाई सम्बन्धी स्वास्थ्य कर्मीलाई १ दिने अभिमूखिकरण तालिम सञ्चालनका लागि गो.भौ.नं.१०९-२०७७।३।३० बाट कर्ण बहादुर थकालीलाई रु.१५५००।- भुक्तानी दिएकोमा तालिम सञ्चालन खर्च मध्ये रु.५५००.०० स्वास्थ्य कार्यालय मुस्ताङ्गबाट भुक्तानी हुने गरी कार्यक्रम सञ्चालन भएको देखियो । सो अनुसार गाउँपालिकाको सशर्त कार्यक्रमबाट खर्च नभएको रु.५५००।- संघीय सञ्चितकोष दाखिला गर्नुपर्नेमा गाउँपालिकाको चालु खातामा फिर्ता दाखिला गरेको देखिएकोले उक्त रकम संघीय सञ्चितकोष दाखिला हुनुपर्ने रु. | ५५००.०० |
| २२. | **बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा खर्चको पुष्टयाई हुने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने उल्लेख छ। गाउँपालिकाले नवीकरणीय उर्जा प्रविधि उत्पादन तथा परिप्रयोग कार्यक्रम अन्तर्गत वडा नं.१,२ र ३ को लागि सोलार खरिद एवं जडान कार्य बापत रु.१५७५५०२।८० को कार्य सम्पन्न गरी वि.एण्ड आशिष ट्रेडिङ्गलाई पूँजीगत खर्चबाट सोहि अनुसार भुक्तानी भएकोमा पुनः चालूतर्फको गो.भौ.नं.१०८-२०७७।३।३० बाट रु.१०५०००।- भुक्तानि गरेको देखियो । खर्चको पुष्ट्याई बेगर सोही आपूर्तकलाई एउटै कामको भुक्तानि गरेको रकम दोहोरो भुक्तानि भएको देखिएकोले असुल गर्नुपर्ने रु. | १०५०००.०० |
| २३. | **अनूपातिक कट्टी नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले खेलग्राम पूर्वाधार निर्माण कार्यको लागि खेलग्राम उपभोक्ता समितिसँग २०७७।२।१५ मा २०७७।३।३० भित्र कार्य सम्पन्न गर्ने गरी रु. ७७१७८३५।२४ को सम्झौता गरेकोमा समपुरक अनुदानबाट रु.६८५७०००।- गाउँपालिकाले व्यहोर्ने र | ५४३०५.०० |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः**

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बाँकी ८६०८३५।२४ जनश्रमदानबाट खर्च जुटाउने गरी सम्झौता भएको देखियो। सो अनुसार उक्त अवधिभित्र रु.५५६६५८३।४२ को कार्य भएकोमा उपभोक्ता समितिलाई जनश्रमदान बापतको अंश कट्टा गरी रु.४९४५६९५।-भुक्तानि दिनुपर्नेमा रु.५००००००।- भुक्तानी भएको देखियो । अतः बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | |
| २४. | **सवारी साधन खरीदः** अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाउँपालिकाले ३ थान मोटरसाइकल खरीदमा रु.८२४७००.०० खर्च गरेको छ । | |
| २५. | **अधुरा योजनाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्ष जोमसोम प्रवेशद्धार निर्माण गर्न रु.४२३७२७४.०० (मू.अ.कर वाहेक) को लागत अनुमान स्वीकृत भइ वोलपत्र भएकोमा क्षितिज निर्माण सेवासंग रु.४१७९७६६.०० मा २०७७।३।२८ भित्र निर्माण कार्य सम्पन्न गर्नेगरी २०७६।१२।९ मा सम्झौता भएकोमा निर्माण व्यवसायीलाइ फाउण्डेशन र पिलरको मात्र कार्य गरेको आधारमा रु.१७३३४०२.०० भुक्तानी गरी कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छ । अधुरो प्रवेशद्धार निर्माण गर्न यो वर्ष २०७७।७८ मा पुन वोलपत्र आव्हान भएको पाइएकोले कार्यालयले समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीसंग ठेक्का सम्झौता अन्त्य गरी अधुरो अवस्थामानै कार्य सम्पन्न प्रतिवेदन तयार गर्न मिल्ने देखिंदैन । | |
| २६. | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जिवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका ५ वटै वडाहरुमा मोटर वाटो निर्माण एवं सिंचाइ कूलो मर्मत सम्भार कार्यक्रम सञ्चालन गरी यसवर्ष १४४ जनालाई रोजगारी उपलव्ध गराई रु.९६७०१०.०० खर्च गरेको छ । लक्ष्यित वर्गलाई ९ दिनदेखि १० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । | |
| २७. | **स्रेस्ता पेशः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले न्याप्टिङ्ग कार्यक्रम संचालन गरेक वापत रु.२९३२३५.०० खर्च लेखेकोमा उक्त खर्चको विल भरपाई पेश भएको छैन । खर्चको विल भरपाइ सहितको स्रेस्ता पेश हुनुपर्ने रु. | २९३२३५.०० |
| २८. | **वजेट कार्यान्वयनः** गाउँपालिकाले गाउँसभाले पारित गरेका योजनाहरु कार्यान्वयन गर्नुपर्दछ । तर गाउँपालिकाले यो वर्ष गाउँसभाले पारित गरेका योजनाको अतिरिक्त गाउँकार्यपालिकाले | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निर्णय गरी देहाय वमोजिमको योजना संचालन गरी भुक्तानी गरेको पाइयो । गाउँसभाले पारित गरेका योजना वाहेक अन्यत्र खर्च गर्न मिल्ने देखिंदैन। | |

| सि.नं | योजनाको नाम | रकम |
|---|---|---|
| १ | कार्यालय परिसरमा २ कोठा थप गर्ने कार्य | ४२९०००.०० |
| २ | होटल व्यवस्थापन वेभसाइट निर्माण | २०००००.०० |
| ३ | ठिनीमा भाद्रमेलाको लागी आर्थिक सहयोग | १०००००.०० |
| ४ | स्याङमा संचालन भएको खिला मेलाको लागी आर्थिक सहयोग | १०००००.०० |
| | जम्माः | ८२९०००.०० |

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २८.१. | गाउँसभाले पारित गरेका योजना गाउँकार्यपालिकाले समयमै कार्वान्वयन गर्नुपर्दछ । तर २०७६।७७ मा कार्यान्वयन गर्नेगरी गाउँसभाले पारित गरेका देहायका योजना गाउँपालिकाले कार्यान्वयन गरेको पाइएन । गाउँसभाले पारित गरेको योजनाहरु समयमै कार्यान्वयन गर्नुपर्दछ । | |

| सि.नं | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | ठिनी खानेपानी योजना घर्पझोङ्ग ५ | १५०००००.०० |
| २ | गाउँपालिकाको आवधिक योजना निर्माण | २००००००.०० |
| | | ३५०००००.०० |

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २९. | **ठेक्का सम्झौताः** यो बर्ष गाउँपालिकाले बोलपत्र आह्वान गरी रु.३० लाखभन्दा बढीका ठेक्का ६ वटा ठेक्का सम्झौता रहेका छन् । ठेक्काको बिवरण अनुसार रु. १६ करोड ८९ लाख ८९ हजार लागत अनुमान भएको ठेक्कामा ०.४३ देखि १.६ प्रतिशतसम्म औसतमा ०.३३ प्रतिशत मात्र घटेर रु.१६ करोड ८४ लाख ३६ हजारमा ठेक्का सम्झौता भएका छन् । यो बर्ष ठेक्का सम्झौता भएका बिवरण देहाय अनुसार छन् । | |

(रु.हजारमा)

| योजनाको नाम | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | लागत अनुमान भन्दा घटी प्रतिशत |
|---|---|---|---|---|
| प्रशासकिय भवन निर्माण | डाँफे/हरी/सन्त जेभी | ६६६३८ | ६६३४९ | ०.४३ |
| कालीगण्डकी नदी नियन्त्रण | एपेक्स अमित जेभी | ८२५४९ | ८२५१० | ०.८८ |
| मार्फा देखि याकखर्क सडक निर्माण | कोमल कन्स्ट्रक्सन | ८९९९ | ८९१६ | ०.९१ |
| चिवाङ स्वास्थ्य संस्था निर्माण | माछापुच्छ्रे निर्माण सेवा | ३२८५ | ३२३९ | १.३९ |
| स्याङ स्वास्थ्य संस्था भवन निर्माण | जय विजय निर्माण सेवा | ३२८१ | ३२४२ | १.२१ |
| जोमसोम प्रवेशद्धार निर्माण | छितिज निर्माण सेवा | ४२३७ | ४१८० | १.६० |
| | | १६८९८९ | १६८४३६ | ०.३३ |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा निर्माण कार्यको बोलपत्रको विशेष मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। बोलपत्रदाताले वि.ओ.क्यू.को आइटमको लागि अस्वाभाविक उच्च अंक वा अस्वाभाविक न्यून अंक उल्लेख गरेको अवस्थामा निजलाई स्पष्टिकरण सोधिने र त्यस्तो स्पष्टिकरण सन्तोषजनक नभएमा बोलपत्र अस्वीकृत गर्न सकिने उल्लेख छ । साथै सोही ऐनको दफा २६(६) मा कुनै वोलपत्रदाताले आपसमा मिलेमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता वोलपत्र रद्द हुने व्यवस्था छ । माथिको विवरण अनुसार लागत अनुमानको हाराहरीमा ठेक्का सम्झौता भएको र कतिपय आइटमहरुमा अस्वभाविक रुपमा घटी र बढी कबुल

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरेको भएपनि ती आइटमहरुको दर बिश्लेषण माग गरी बिशेष मूल्यांकन गर्ने गरिएको छैन । यसतर्फ सुधार हुनुपर्दछ । | |
| ३०. | **लगानीः** गाउँपालिकाले वजेट विनियोजन गरी कार्यान्वयन गर्दा दर्ता भएका संघ/संस्था मा लगानी गर्नुपर्दछ । तर यस गाउँपालिकाले देहायका दर्ता नभएका संघ/संस्थामा लगानी गर्ने गरेको पाइयो । कानून अनुसार दर्ता नभएको संघ/संस्थामा गाउँपालिकाले लगानी गर्न मिल्ने देखिंदैन । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन् । | |

| सि.नं | विवरण | भुक्तानी रकम |
|---|---|---|
| १ | मिलिजुली सुचना केन्द्र भवन निर्माण वड नं २ (गतवर्ष समेत) | २५०००००.०० |
| २ | जेष्ठ नागरिक दिवा सेवा केन्द्र वडा नं.१ | २७०००००.०० |
| ३ | स्याङ आमा समूह भवनमा तला थप वडा नं. ३ | १०५००००.०० |
| ४ | ठिनी आमा समूह भवन निर्माण वडा नं. ५ | २०००००.०० |
| ५ | बारागाउँमा समाज घर निर्माण वडा नं. ४ | ५०००००.०० |
| ६ | जोमसोम ताराखेल इण्डोर भवन निर्माण वडा नं. ४ | २५०००००.०० |
| ७ | ताङगे समाजघर पर्खाल मर्मत वडा नं. ४ | ३०००००.०० |
| ८ | सामूदायिक भवन स्तरोन्नती वडा नं. ४ | ३०००००.०० |
| ९ | डुम्वा आमा समूह फर्निचर खरिद वडा नं. ५ | ९९१३०.०० |
| १० | मार्फा आमा समूहमा मन्च व्यवस्थापन वडा नं. २ | ३०००००.०० |

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३१. | **वजेट विनियोजनः** गाउँपालिकाले वजेट तर्जुमा तथा स्वीकृत गर्दा गाउँको समग्र विकास सम्बन्धी योजनालाइ प्राथमिकिकरण गरी दिगो विकास सम्बन्धी योजनामा वजेट तर्जुमा गरी खर्च गर्नुपर्दछ । तर गाउँपालिकाले आर्थिक वर्ष २०७६।७७ को गाउँसभावाट वजेट स्वीकृत गर्दा व्यक्तिगत जग्गा संरक्षण गर्नेखालका तारवार घेराउ, पर्खाल निर्माण लगायतका कार्यक्रम स्वीकृत गरी यो वर्ष सोही योजनामा खर्च गरेको पाइयो । व्यक्तिगत जग्गा संरक्षण गर्ने खालका कार्यक्रममा गाउँपालिकावाट वजेट खर्च गर्ने गरी वजेट विनियोजन गरेको उपयुक्त देखिएन । | |
| ३२. | **कार्यक्रम कार्यान्वयनः** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयवाट वडा नं. ४ को जनहित माध्यामिक विद्यालयलाई नमूना विद्यालय वनाउन आईसिटी ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन जस्ता पूर्वाधार निर्माणमा खर्च गर्न रु.१५०००००.०० आर्थिक वर्षको अन्त्यमा विद्यालयको खातामा निकासा दिएको छ । मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन निर्देशिकाको दफा ८५ मा नमूना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान दिनु पर्नेमा गुरुयोजना स्वीकृत नभै विद्यालयलाइ रकम निकासा दिएको छ । निर्देशिका अनुसार गुरुयोजना स्वीकृत नभै निकासा मिल्ने देखिदैन । यसरी दिएको निकासा गुरुयोजना स्वीकृत भइ कार्यान्वयनमा नआउन्जेल विद्यालयको वैंक खाता रोक्का राख्न नेपाल वैंक लिमिटेडलाइ २०७७।३।१६ मा गाउँपालिकाले पत्र लेखेको देखिन्छ । यसरी आर्थिक वर्षको अन्त्यमा वजेट फ्रिज नगराउन कार्यालयले खर्च लेखी विद्यालयको खातामा रकम जम्मा गर्न लगाई खाता रोक्का राख्न मिल्ने नदेखिएको रु. | १५०००००.०० |
| ३३. | **दोहोरो खर्चः** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयवाट वडा नं ४ को जनहित माध्यामिक विद्यालयलाइ नमूना विद्यालय वनाउन आईसिटी ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन जस्ता पूर्वाधार निर्माणमा खर्च गर्न रु.१५०००००.०० विनियोजन भै निकासा भै सकेपछि सोही मा.वि मा ल्याव संचालन गर्न भनी गाउँपालिकाले रु.५०००००.०० वजेट विनियोजन गरी खर्च लेखेको छ । एउटै विद्यालयमा एकै प्रकारको कार्यक्रम गर्न दोहोरो निकासा भएको देखिएकोले दोहोरो निकासा दिएको रकम फिर्ता लिनु पर्ने रु. | ५०००००.०० |

लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३४. | **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नम्सको जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले सडक, तटवन्ध लगायतका निर्माण कार्य गर्दा स्थानीय पूर्वाधार तथा कृषी सडक विभाग (**Dolidar**) ले तयार गरी स्वीकृत गरेको नम्सको आधारमा तयार गर्नुपर्नेमा गाउँपालिकाले कालीगण्डकी नदी तटवन्ध निर्माणको डि.पि. आर तयार गर्न नियुक्त परामर्शदाताले तयार गरिएको लागत अनुमान लाइनै आधार मानी लागत अनुमान स्वीकृत गरेको पाइयो । निर्माण कार्य गराउंदा लागत अनुमानको हाराहारीमै ठेक्का सम्झौता भएको छ । निर्माण कार्यको **Providing suitable material and back filling behing retaining wall** मा स्थलगत निरीक्षण गर्दा **Site condation** अनुसार स्थानीय नदीको कच्चा पदार्थ डोजरले **back filling** गर्दा ओभरहेड समेत प्रति घ.मी जिल्ला दररेट रु.११५.०० ले लागत अनुमान तयार गर्नुपर्नेमा प्रति घ.मी रु.४२७.६० ले तयार गरेकोले प्रति घ.मीको रु.३१२.६० ले १२२३१ घ.मी को रु.३८२३४१०.०० वढीको लागत अनुमान तयार गरेको देखियो । लागत अनुमान तयार गर्दा सम्बन्धित योजनाको **Site condition**, कच्चा पदार्थको उपलव्धता, मेशिन प्रयोगको अवस्था र जिल्लादररेट समेतलाइ आधारमानी लागत अनुमान तयार गर्नुपर्नेमा सो नगर्नाको कारणले गाउँपालिकालाई रु.३९११९९०.०० वढी व्यवभार पर्नेगरी लागत अनुमान तयार भएको छ । वढी लागत लाग्ने गरी लागत अनुमान तयार गर्ने परामर्शदातालाइ जिम्मेवार वनाउनु पर्दछ । | |
| ३५. | **कर दाखिलाः** आयकर ऐन, २०५८ को दफा ९० अनुसार भुक्तानीमा कट्टा गरेको आग्रिम कर रकम प्रत्येक महिना समाप्त भएको पच्चिस दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको वित्तिय विवरणमा आर्थिक वर्षको अन्त्यमा रु.३२५१४७.०० कर दाखिला गर्न बांकी रहेको छ । उक्त रकम राजश्व दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ३२५१४७.०० |
| ३६. | **संचित कोष दाखिलाः** सामाजिक सुरक्षा भत्ता वापतको निकासा भएकोमा जेष्ठ नागरिक भत्ता वापत पनदेवी लालचन र भिम प्रसाद थकालीको मृत्यु भएको कारण वैंकवाट फिर्ता आएको देखिएको रु.२४०००.०० संघिय संचित कोष दाखिला हुनुपर्ने रु. | २४०००.०० |
| ३७. | **विपद् व्यवस्थापन** | |
| ३८. | **समिति गठनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेतापिन यो वर्ष बैठक बसी कुनै निर्णय गरेको पाइएन । ऐनमा तोकिए बमोजिमको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनु पर्दछ । | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः

<table>
<tr><th>दफा</th><th>भौ.नं.मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३९.</td><td>कार्य योजनाः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । तर गाउँपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०.</td><td>विपद् व्यवस्थापन कोषः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले गत वर्षको मौज्दात समेत रु.५२०३१७९.०० आम्दानी भई रु.१४८३२७४.०० खर्च गरी बाँकी रु.३७१९९०५.०० देखिन्छ । गाउँपालिकाले खर्च मध्ये खद्यान्न राहत वितरणमा रु.३३१९७५.००, स्वास्थ्य सामाग्री खरिद एवं क्वारेन्टाइन व्यवस्थापन खर्च रु.९५१२९९.०० र जिल्ला विपद् व्यवस्थापन कोषमा पठाएको रु.२०००००.०० समेत जम्मा रु.१४८३२७४ खर्च गरेको देखिन्छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।</td><td></td></tr>
<tr><td>४०.१.</td><td>राहत वितरण गर्न खाद्यान्न सामाग्री वडागत रुपमा पठाइएकोमा वितरण गरी बांकी रहेका निम्नानुसार सामाग्री मौज्दात रहेको देखियो । मौज्दात सामाग्रीको समयमै उपयोग हुनु पर्दछ ।
<table>
<tr><th>वडा नं</th><th>चामल</th><th>दाल</th><th>खानेतेल</th><th>नुन</th><th>चिनी</th><th>सावुन</th></tr>
<tr><td>१</td><td>९०</td><td>१२</td><td>८.५</td><td>६</td><td>६</td><td>१२</td></tr>
<tr><td>२</td><td>१०५</td><td>१४</td><td>१०.५</td><td>६</td><td>६</td><td>१४</td></tr>
<tr><td>४</td><td>४८५</td><td>६६</td><td>५०</td><td>३४</td><td>३३</td><td>६६</td></tr>
<tr><td>जम्माः</td><td>६८०</td><td>९२</td><td>६९</td><td>४६</td><td>४५</td><td>९२</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१.</td><td>वार्षिक प्रतिवेदनः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
</table>

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः**

<table>
<tr><th>दफा</th><th>भौ.नं.मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४२.</td><td>विल भरपाईः पंजीकरण चालु खर्च शिर्षकवाट भौ.नं ९-२०७७।२।२० वाट नेपाल टेलिकमलाई फाइवरनेट जडानको विल भुक्तानी गरेकोमा उक्त खर्चलाइ पुष्ट्याइ गर्ने विल भरपाई र टेलिकमले रकम वुझेको समेत नदेखिएको रु.</td><td>२५०००.००</td></tr>
<tr><td>४३.</td><td>पेश्की अनुगमनः निर्माण व्यवसायीसंग भएको सम्झौताको GCC को दफा ५७.३ मा निर्माण कार्यको ३० प्रतिशत रकम भुक्तानी हुंदा पेश्की कट्टा गर्न शुरु गरी ८० प्रतिशत समयावधी भित्रै सम्पूर्ण पेश्की कट्टा गरी सक्नुपर्नेमा मार्फामा वत्तिलाइन भूमिगत गर्ने कार्यको लागी मू.अ.कर सहित रु.३९५८०३९.०० (मू.अ. कर समेत) २०७७।३।३० भित्र सम्पन्न गर्नेगरी २०७७।२।१५ मा सम्झौता भएकोमा यो वर्ष प्रथम विलको गोश्वारा भौचर नं २२-२०७७।३।३१ वाट रु.१८३३६२२.०० (५४.६० प्रतिशत) भुक्तानी भएकोमा सम्झौतामा उल्लेख भए अनुसार पेश्की फछर्यौट नगरी भुक्तानी गर्नु उपयुक्त देखिएन । निजको नाममा रु.७०००००.०० पेश्की बांकी देखिएकोमा सम्झौतामा उल्लेख भए अनुसार पेश्की कट्टी गरी भुक्तानी गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४४.</td><td>पेश्कीः आर्थिक वर्षको अन्त्यमा बांकी रहेको देहाय वमोजिम म्याद बांकी रहेको पेश्की रकम प्रचलित नियमावली तथा निर्माण व्यवसायीसंग भएको सम्झौता वमोजिम फछर्यौट हुनुपर्दछ ।
<table>
<tr><th>सि.नं</th><th>निर्माण कार्यको नाम</th><th>पेश्की लिनेको नाम</th><th>सम्झौताको म्याद</th><th>पेश्की रकम</th></tr>
<tr><td>१</td><td>कालीगण्डकी नदी तटवन्ध</td><td>एपेक्स अमित जेभी</td><td>२०७८।३।३०</td><td>१६४०००००.००</td></tr>
<tr><td>२</td><td>जोमसोम भ्यूटावर जाने वाटो निर्माण</td><td>एपेक्स अमित जेभी</td><td>२०७८।३।३०</td><td>१०६०००००.००</td></tr>
<tr><td>३</td><td>वहुउद्देश्यिय सभाहल</td><td>कोमल कन्स्ट्रक्सन</td><td>२०७८।३।३०</td><td>१४०००००.००</td></tr>
<tr><td>४</td><td>चिमाङमा स्वास्थ्य संस्था नि.</td><td>माछापुछ्रे निर्माण सेवा</td><td>२०७८।२।२८</td><td>६४७०००.००</td></tr>
<tr><td>५</td><td>प्रशासनिक भवन निर्माण</td><td>डाँफ/हरी/सन्त जेभी</td><td rowspan="2">२०७८।११।२८</td><td rowspan="2">११३०००००.००</td></tr>
<tr><td>६</td><td>समपूरक कोष</td><td>डाँफ/हरी/सन्त जेभी</td></tr>
<tr><td>७</td><td>मार्फा याकखर्क देखि धौलागिरी वेसक्याम्पसम्मको वाटो निर्माण</td><td>कोमल कन्स्ट्रक्सन</td><td></td><td>१७७५०००.००</td></tr>
<tr><td>८</td><td>मार्फामा वत्तिलाइन भूमिगत गर्ने कार्य</td><td>आशिन पावर सर्फेस</td><td>२०७७।६।३०</td><td>७०००००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४२८२२०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४५.</td><td>सरकारी तथ्ा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राखेको पाइएन । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ ।<br>गाउँपालिकाको वडा नं ४ मा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र उत्तर पूर्वपट्टीको सार्वजनिक (करिव ६ रोपनी) जग्गामा २८ कोठे धौलागिरी वोर्डिङ्ग स्कुल निर्माण भइ विगत देखि संचालनमा रहेको देखिन्छ । उक्त स्कुलको जग्गाको स्वामित्वको विवाद सम्बन्धमा जिल्ला अदालत मुस्ताङ्गवाट २०७५।९।२० मा सार्वजनिक सरकारी जग्गामा अनाधिकार भवन निर्माण गरेको ठहर भएको संलग्न मिसिलवाट देखिन्छ। तत्पश्चात २०७७।९।१७ मा विद्यालय व्यवस्थापन समितिले गाउँपालिकालाइ उक्त भवन हस्तान्तरण गरेको देखियो । हस्तान्तरित भवनको उपयोग सम्बन्धमा गाउँपालिकाले कुनै कार्य गरेको नदेखिएकोले हस्तान्तरित भवन उपयोग गर्ने सम्बन्धमा उपयुक्त निर्णय हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४५.१. | यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| सि. नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७५।७६ | ४१ | छात्रवृत्ति अनुगमन प्रतिवेदन पेश | | १२० | | | १२० |
| २ | २०७५।७६ | ४५ | सामाजिक सुरक्षा भत्ता वितरणको अभिलेख पेश | | ६७५० | | | ६७५० |
| ३ | २०७५।७६ | ४९ | पशु सामाग्री वितरणको भरपाइ पेश | | ४०५ | | | ४०५ |
| जम्माः | | | | | | | | ७२७५ |

## सञ्चित कोष विवरण
## २०७६/७७

**अनुसूची-१**

प्रदेशः गण्डकी (रु.हजारमा)

| क्र स | स्थानीय तह | जिल्ला | आय | | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाट | आन्तरीक आय | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १. | घरपझोङ्ग गाउँपालिका | मुस्ताङ्ग | २१७७८ | २८३०५७ | २२८१८ | ६०३० | १४६५१ | ३२६५५६ | १६७३११ | १२१२०१ | २९७४ | २९१४८६ | ५६८४८ |

**अनुसूची-२**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७६/७७

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | मुस्ताङ्ग | घरपझौङ्ग गा पा | ३६ | १९ | २२७३७ | ० | ४ | ७७ | ३६ | १५ | २२६६० | ८३८ | २१०२३ | ७९९ | ० | ० | २१८२२ | ० | ० | ० |

**अनुसूची-३**

## अद्यावधिक बेरुजू स्थिति
## २०७६/७७

(रु.हजारमा

| क्र.स. | स्थानीय तह | जिल्ला | गत वर्षसम्मको बाँकी | यो वर्ष फछ्यौंट | बाँकी | यो वर्ष सम्परीक्षणबाट कायम | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | घरपझोङ्ग गाउँपालिका | मुस्ताङ्ग | २४३५० | ७२७५ | १७०७५ | ० | २२६६० | ३९७३५ |